नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर

फोन नं. : ५२११०९
५२११७८
५२१११०
फयाक्स नं. :५२४९९०

## प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

मितिः २०७८।०५।१८

कञ्चनपुर जिल्लामा कोभिड-१९ को संक्रमण जोखिमको वर्तमान अवस्थाको विश्लेषण गरी कोभिड -१९ को संक्रमण, रोकथाम, नियन्त्रण, निदान र उपचारलाई थप प्रभावकारी बनाउन जिल्ला कोभिड व्यवस्थापन समितिको मिति २०७८।०५।१८ गते बसेको बैठकको निर्णयको आधारमा कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ५ को उपदफा २ एवं स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार समेत प्रयोग गरी यस जिल्ला भर मिति २०७८।०५।१८ गते राती १२.०० बजे देखि लागू हुने गरी अर्को व्यवस्था नभएसम्मका लागि देहाय बमोजिम आदेश जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

१. शैक्षिक संस्थाहरुले सके सम्म भौतिक उपस्थितिमा नभई भर्चुअल माध्यमबाट पठनपाठन गर्ने/गराउने व्यवस्था मिलाउने। भौतिक उपस्थिति गरी गराई पठनपाठन सञ्चालन गर्नुपर्ने भएमा नेपाल सरकारले यही मिति २०७८ श्रावणमा जारी गरेको स्मार्ट लकडाउन सम्बन्धी कार्यविधिको प्रावधान भित्र रही जनस्वास्थ्यका मापदण्डहरुको कडाईका साथ पालना गर्ने गरी, सो पालना भए नभएको बारे सम्बन्धित स्थानीय तहले कडाईका साथ अनुगमन गर्ने र पालना नभएको पाईएमा स्थानीय तह आफै वा स्थानीय प्रशासनको सहयोग लिई त्यस्ता शैक्षिक संस्था तत्काल बन्द गराउने गरी सञ्चालनको निर्णय गर्न सक्ने।

२. अनावश्यक रुपमा मानिसहरु जम्मा हुने, भिडभाड गर्ने, सभा जुलुस गर्ने, सामुहिक रुपमा पूजाअर्चना गर्ने, जात्रा महोत्सव, भोजभतेर आदि कार्यहरु नगर्ने/नगराउने।

३. सर्वसाधारण व्यक्ति, समूह तथा संस्था लगायतबाट आर्थिक, सामाजिक तथा व्यवसायिक गतिविधिहरु सञ्चालन गर्दा नेपाल सरकारले तोकेका स्वास्थ्यका मापदण्डहरुको पूर्णरुपमा पालना गर्ने शर्तमा सञ्चालन गर्न पाउने।

४. सार्वजनिक स्थानमा आवतजावत गर्दा स्वास्थ्यका मापदण्ड पालना गर्ने। नगरेमा जरिवाना गरिनेछ।

५. कोभिड-१९ सम्बन्धी आदेशको प्रभावकारी पालना सम्बन्धमा सम्बन्धित स्थानीय तह र सुरक्षा निकायबाट नियमित तथा आकस्मिक अनुगमन गरिनेछ। अनुगमनका क्रममा यस आदेशको अवज्ञा भएको पाईएमा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ अनुसार कारवाही हुनेछ। संक्रमण बढ्न गएमा यस आदेशमा भएका व्यवस्थाहरु कुनै पनि बेला पुनरावलोकन गर्न सकिनेछ।

२०७८।०५।१८
रामप्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी